जि.प्र.का.झापा द.नं.६९। ०५७७०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



शैक्षिक अवस्था, परिणाम र विदाले पारेको प्रभाव (३)

✍ नरेन रिजाल

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९




❑ वर्ष-२१ ❑ अंक - १५६ ❑ २०८३ जेठ २९ गते शुक्रबार ❑ Friday, 12 June, 2026 ❑ मूल्य ७ /-

## कोशी प्रदेश प्रमुख र उपराष्ट्रपति यादवबीच भेट

दमक/ उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङले आज लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेटवार्ता गरेका छन् ।

उपराष्ट्रपति यादव र प्रदेश प्रमुख खापुङबीच नेपालको संविधानले निर्दिष्ट गरेका जिम्मेवारी, सङ्घीयता सुदृढीकरण, प्रदेश-सङ्घीय समन्वय तथा आपसी सहकार्यका विषयमा छलफल भएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ ।

## २४ जना फरार अभियुक्त पक्राउ

दमक/ जिल्ला प्रहरी कार्यालय झापाले पछिल्ला दुई दिनमा विभिन्न मुद्दाका २४ जना प्रतिवादीलाई नियन्त्रणमा लिएको छ ।

जिल्ला अदालत झापाको फैसला कार्यान्वयन गर्न चलाइएको अभियानमा २४ जना फरार प्रतिवादी पक्राउ गरिएको प्रहरी निरीक्षक विजय चौहानले जानकारी दिए । प्रहरीका अनुसार पक्राउ परेका २० जनाको फैसला कार्यान्वयन भएमा पाँच वर्ष तीन महिना ६ दिन कैद सजाय र ६ लाखभन्दा बढी जरिवाना असुलउपर हुनेछ ।

अदालतबाट सजाय तथा जरिवाना तोकिएर फरार प्रतिवादीलाई पक्राउ गर्ने अभियानमा पक्राउ परेकालाई अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ । प्रहरी निरीक्षक चौहानका अनुसार पछिल्ला दुई दिनमा जिल्लाका विभिन्न स्थानबाट फैसला कार्यान्वयनतर्फ २० जना पक्राउ परेका हुन् ।

जिल्ला प्रहरी कार्यालय झापा, इलाका प्रहरी कार्यालय अनारमनी, शिवगञ्ज, विर्तामोड, बैगुनधुरा तथा अस्थायी प्रहरी पोस्ट बसपार्कबाट खटिएको प्रहरी टोलीले बाँकी ४ पेजमा ▸▸


# दमकको वडागत सिलिङ बजेट सार्वजनिक

◆ बजेटको छलफलमा सहभागी हुन वडाबासीलाई आग्रह ◆ प्रत्येक वडाले नगरस्तरीय महत्वका कम्तीमा दुई वटा योजना छनोट गर्नुपर्ने ◆ वडाको लागि कूल बजेट १६ करोड विनियोजन

✍ बाबुराम कार्की

दमक / दमक नगरपालिकाले आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माण प्रक्रियालाई थप सहभागितामूलक बनाउन वडागत सिलिङ बजेट तथा योजना छनौटसम्बन्धी मार्गदर्शन सार्वजनिक गरेको छ ।

नगरपालिकाले कुल १६ करोड रूपैयाँ वडागत बजेट विनियोजन गर्दै प्रत्येक वडालाई आˆनो क्षेत्रको आवश्यकता र प्राथमिकताअनुसार योजना तथा कार्यक्रम छनौट गर्न निर्देशन दिएको हो । सार्वजनिक गरिएको विवरणअनुसार वडा नं. १ ले सबैभन्दा बढी करिब १ करोड ५५ लाख रूपैयाँ बजेट प्राप्त गरेको छ भने अन्य वडाहरूले जनसंख्या, सेवा प्रवाह र विकास आवश्यकताका आधारमा क्रमशः बजेट पाएका छन् । वडागत बजेटमध्ये ६५ प्रतिशत पूर्वाधार विकास, १० प्रतिशत आर्थिक विकास तथा स्वरोजगार प्रवर्द्धन, १५ प्रतिशत सामाजिक विकास, स्वास्थ्य तथा शैक्षिक सुधार साथै ५-५ प्रतिशत वातावरण तथा विपद् व्यवस्थापन र




मर्मत सुधारका क्षेत्रमा खर्च गर्नुपर्ने व्यवस्था गरिएको छ ।

नगरपालिकाले विकास निर्माण प्रक्रियामा स्थानीय नागरिकको अपनत्व र सहभागिता बढाउने उद्देश्यले टोल विकास संस्था, नागरिक समाज, बालबालिका, महिला, युवा तथा अन्य सरोकारवालालाई वडा तथा टोल भेलामार्फत बजेट निर्माण प्रक्रियामा सहभागी गराउने निर्णय गरेको नगर प्रमुख रामकुमार थापाले जानकारी दिए ।

टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०८२ अनुसार प्रत्येक टोलबाट आवश्यक योजना तथा कार्यक्रमको पहिचान गरी वडा तहमा प्रस्ताव लैजाने व्यवस्था मिलाइएको छ । यसबाट स्थानीय आवश्यकता र जनचाहनाअनुसार योजना छनोट हुने अपेक्षा गरिएको थापाले स्पष्ट पारे ।

मार्गदर्शनअनुसार प्रत्येक वडाले नगरस्तरीय महत्वका कम्तीमा दुई वटा योजना छनोट गर्नुपर्नेछ, जसका लागि प्रत्येक योजनामा ३० लाख रूपैयाँको सीमा तोकिएको छ । साथै साविकका तीन वडा गाभिएर बनेका हालका वडा नं. २, ३, ४ र १० मा जनसंख्या र सेवा प्रवाहको चाप बढी भएकाले ती वडाहरूले थप २५ लाख रूपैयाँ बराबरको कम्तीमा एक बाँकी ४ पेजमा ▸▸

## सीमा व्यवस्थापनका लागि संयुक्त टोली परिचालन



दमक / नेपाल-भारत सीमासम्बन्धी लामो समयदेखि अवरूद्ध प्राविधिक समितिको काम पुनः सक्रिय भएसँगै दुवै देशका संयुक्त प्राविधिक टोली सीमा क्षेत्रमा परिचालन भएका छन् । सीमा स्तम्भ निर्माण तथा मर्मत, दसगजा अतिक्रमणको तथ्यांक संकलन र सीमा पारबाट भएको अतिक्रमणको अभिलेखीकरणका लागि टोलीले संयुक्त रूपमा लगत संकलनको काम अघि बढाइरहेको परराष्ट्रमन्त्री शिशिर खनालले जानकारी गराए । राष्ट्रिय सभाको बिहीबारको बैठकलाई सम्बोधन गर्दै मन्त्री खनालले नेपाल-भारत अन्तर्राष्ट्रिय सीमा सन् १८१६ को सुगौली सन्धिअनुसार स्थापित र निर्देशित रहेको स्पष्ट पारे । उनका अनुसार नेपाल-भारत सीमा अन्तर्गत सुस्ता, लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा मात्रै नक्सांकनको काम सम्पन्न हुन बाँकी छ । ती क्षेत्रबाहेक अन्य केही स्थानमा भने दसगजा अतिक्रमण तथा सीमा पारबाट हुने कब्जाका समस्या विद्यमान रहेका छन् ।

प्रधानमन्त्री बालेन्द्र शाहले प्रतिनिधि सभामा उठाएको सीमासम्बन्धी विषय पनि मूलतः दसगजा अतिक्रमण र सीमा पारको कब्जासँग सम्बन्धित रहेको मन्त्री खनालले उल्लेख गरे । सीमाका जटिलता समाधान तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन दुवै देशका प्राविधिक निकायबीच समन्वय बढाइएको दावी मन्त्री खनालको थियो ।

सीमा व्यवस्थापनलाई वैज्ञानिक र व्यवस्थित बनाउने उद्देश्यका साथ नक्सांकन हुन बाँकी क्षेत्रको पहिचान, सीमा स्तम्भको संरक्षण तथा अतिक्रमणसम्बन्धी अभिलेख अद्यावधिक गर्ने कार्यलाई प्राथमिकता दिइएको मन्त्रालयले जनाएको छ । यस प्रक्रियाले सीमा विवाद र अतिक्रमणसम्बन्धी समस्याको यथार्थ अवस्था पहिचान गर्न तथा समाधानका लागि आवश्यक आधार तयार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# दमक क्याम्पसमा शिक्षा-उद्योग संवाद कार्यक्रम सम्पन्न



दमक । विद्यार्थीलाई रोजगारमुखी, सीपयुक्त तथा अनुसन्धान-आधारित शिक्षा प्रदान गर्ने उद्देश्यसहित दमक बहुमुखी क्याम्पसमा विश्वविद्यालय अनुदान आयोगको सहयोगमा 'अकाडेमिया-इन्डष्ट्री डाइलग' तथा शैक्षिक प्रस्तुति कार्यक्रम सम्पन्न भएको छ । दुई सत्रमा विभाजित उक्त कार्यक्रमले शिक्षा र उद्योग-व्यवसाय क्षेत्रबीचको सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा केन्द्रित छलफल गरेको थियो ।

कार्यक्रमको उद्घाटन सत्रका प्रमुख अतिथि प्रा.डा.गोविन्दप्रसाद गुरागाईंले दमक क्याम्पस आगामी दुई वर्षभित्र विश्वविद्यालयमा रूपान्तरण हुने सम्भावना रहेको बताए । उनका अनुसार विश्वविद्यालय अनुदान आयोगको नीति अनुसार क्याम्पसलाई विश्वविद्यालयमा विकास गर्ने प्रक्रिया अघि बढिरहेको छ, जुन क्याम्पस परिवार, विद्यार्थी र स्थानीय समुदायका लागि गौरवको विषय हुने उल्लेख गरे ।

उनले अनुसन्धानमा आधारित शिक्षण प्रणाली, दक्ष प्राध्यापक र गुणस्तरीय सिकाइमार्फत उत्पादन हुने जनशक्ति नै बजारले खोजेको वास्तविक आवश्यकता पूरा गर्ने आधार हुने उल्लेख गरे । साथै, शैक्षिक संस्थाबाट उत्पादन हुने जनशक्ति र श्रम बजारको मागबीच रहेको अन्तर (ग्याप) पहिचान गर्न यस्ता कार्यक्रम उपयोगी हुने उनको धारणा थियो । "सिक्दै र सिकाउँदै जाने मान्यतामा आधारित शिक्षा नै भविष्य निर्धारण गर्ने आधार हो," उनले भने ।

कार्यक्रममा दमक क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष ढुण्डीराज भण्डारीले दक्ष जनशक्ति उत्पादनमा क्याम्पसले विशेष ध्यान दिइरहेको बताए । उनले अनुसन्धान र व्यावहारिक शिक्षालाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याउँदै विद्यार्थी तथा अभिभावकको सन्तुष्टिका लागि क्याम्पस निरन्तर प्रयासरत रहेको जानकारी दिए ।

दोस्रो सत्रमा विद्यार्थी केन्द्रित प्रस्तुति (प्रेजेन्टेशन) कार्यक्रम सञ्चालन गरिएको थियो, जसमा विद्यार्थीहरूले विषयगत प्रस्तुति दिएका थिए । सो सत्रमा डिल्लीप्रसाद भट्टराई र प्रा. डा. गोविन्दप्रसाद गुरागाईंले सहजीकरण गरेका थिए ।

त्यसैगरी, कार्यक्रममा डा. नेत्रप्रसाद बुढाथोकीले शुभकामना मन्तव्य राख्दै शैक्षिक संस्थाले उद्योगसँग सहकार्य बाँकी ४ पेजमा ▸▸

## मल अभाव हुन दिँदैनौः मन्त्री चौधरी

दमक/ कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले धान रोप्ने सिजनमा मल अभाव हुन नदिने बताएकी छन् । चालु आर्थिक वर्षको अन्त्यसम्ममा कूल ६ लाख मेट्रिकटनको हाराहारीमा कृषकलाई अनुदानमा मल उपलब्ध गराइने बताएकी छन् ।

राष्ट्रियसभाको बैठकमा 'कृषि, वन तथा पर्यावरण मन्त्रालयसँग सम्बन्धित प्रश्न उत्तर' कार्यक्रममा सांसदहरूले राखेको प्रश्नको जवाफ दिँदै मन्त्री चौधरीले सरकारले लागत सहभागिताको आधारमा कृषकलाई अनुदानमा रासायनिक मल उपलब्ध गराउँदै आएको र चालु आवमा हालसम्म पाँच लाख ५८ हजार ५२२ मेट्रिकटनको मल आपूर्ति भइसकेको बाँकी ४ पेजमा ▸▸

## रास्वपाभित्र समावेशिता कमजोर

दमक/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सचेतक प्रकाशचन्द्र परियारले पार्टीभित्र समावेशिताको अवस्था सन्तोषजनक नरहेको भन्दै नेतृत्व चयनमा सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने बताएका छन् । रास्वपा कोशी प्रदेश अधिवेशनलाई सम्बोधन गर्दै परियारले पार्टी टाठाबाठा, पहुँचवाला र पैसावालाको मात्र बन्न नहुने उल्लेख गरे । उनले मधेसी, मुस्लिम, थारू, राई, लिम्बुलगायत सीमान्तकृत समुदायलाई नेतृत्व तहमा समेट्नुपर्नेमा जोड दिए । धनकुटाजस्तो राई-लिम्बु समुदायको बाहुल्यता रहेको जिल्लाको ११ सदस्यीय कार्यसमितिमा एक जना पनि राई समुदायको प्रतिनिधि नपर्नुलाई उनले समावेशिताको कमजोरीको उदाहरणका रूपमा प्रस्तुत गरे। यस्तो अवस्था न्यायपूर्ण नहुने उनको भनाइ थियो ।

परियारले नेपालमा समावेशी प्रतिनिधित्वको अभ्यास नयाँ नभएको उल्लेख गर्दै २०१६ सालमै तत्कालीन प्रधानमन्त्री बीपी कोइरालाले डोटीबाट द्वारिका देवी ठकुरानीलाई निर्वाचित गराएर मन्त्रिपरिषद्मा सहभागी गराएको इतिहास स्मरण गरे ।

उनले कोशी प्रदेशमा अझै पनि पहिचानको आन्दोलन जारी रहेको र समुदायका मुद्दा संवेदनशील बनेको अवस्थामा पार्टीले विकास, समृद्धि र सुशासनसँगै समावेशितालाई पनि समान प्राथमिकता दिनुपर्ने बताए । सीमान्तकृत समुदायलाई निरन्तर उपेक्षा गरिए भविष्यमा राजनीतिक रूपमा ठूलो चुनौती सिर्जना हुन सक्ने चेतावनी दिँदै उनले रास्वपाले समावेशी र समानुपातिक प्रतिनिधित्वलाई व्यवहारमै कार्यान्वयन गर्नुपर्ने धारणा राखे ।

# चिया निर्यातमा भारतको फेरी अवरोध

इलाम/ नेपाली चिया निर्यातमा भारतले अवरोध गरेको भन्दै उद्योगीले सरकार गुहारेका छन् ।

इलामको सूर्योदय नगरपालिकाले नेपाली चिया निर्यातमा पुनः देखिएको अवरोध हटाउन भारत सरकारसँग तत्काल कूटनीतिक पहल गर्न परराष्ट्र मन्त्रालयलाई आग्रह गरेको छ । भारतीय चिया बोर्डले लागू गरेको नयाँ प्रक्रियाका कारण ठूलो परिमाणमा नेपाली चिया भारतीय गोदाममै रोकिएको भन्दै नगरपालिकाले सरकारको ध्यानाकर्षण गराएको हो ।

कार्यवाहक नगरप्रमुख दुर्गाकुमार बरालले परराष्ट्र मन्त्रालयलाई पत्र पठाउँदै नेपालका प्रमुख नगदे बालीमध्ये एक तथा विदेशी मुद्रा आर्जनको महत्वपूर्ण स्रोत रहेको चिया निर्यातमा भारतीय पक्षबाट सिर्जना गरिएको अवरोधप्रति गम्भीर चासो व्यक्त गरेका छन् ।

नगरपालिकाका अनुसार भारतीय चिया बोर्डले गत वैशाखमा नयाँ 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिजर' (एसओपी) लागू गर्दै अनिवार्य प्रयोगशाला परीक्षणको व्यवस्था गरेपछि २१ दिनसम्म नेपाली चिया निर्यात प्रभावित भएको थियो । त्यसपछि 'र्‍यान्डम स्याम्पलिङ'को सहमतिपछि निर्यात सुचारू भए पनि अहिले पुनः कोलकातास्थित आयातकर्ताको बाँकी ४ पेजमा ▸▸

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमक झापाको

**दरभाउ पत्र स्वीकृत हुने आशयको सूचना**

प्रकाशित मिति २०८३।०२।२९

दमक नगरपालिकाको आ.ब. २०८३।०८४मा तपशिलको आय ठेक्का संकलन गर्ने सम्वन्धी बोलपत्र प्रकृया अन्तर्गत पेश हुन आएको बोलपत्रहरु मध्ये तपशिलको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकोले दमक नगरपालिका सार्वजनिक खरिद नियमावली नियम १४० बमोजिम स्वीकृतगर्ने आशयको सूचना सम्वन्धित सवैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| ठेक्का बिवरण | छनौट भएको बोलपत्रदाताको नाम ठेगाना | स्वीकृत रकम भ्याट बाहेक | ठेक्का अवधि |
|---|---|---|---|
| दमक वडा नं. ३ पुलचौक टोल पशुपति सिमसार २ वटा पोखरीमा माछापालन ठेक्का -DMO/JHAPA/POKHRI/ /79/82/83) | नबिन तिवारी, दमक ३ | ८०,४००। | २ आर्थिक बर्ष |
| दमक बजार क्षेत्रमा दैनिक तथा साप्ताहिक हाटकर बिटौरी कर संकलन ठेक्का -DMO/JHAPA/HAT/ /80/82/83) | मन कुमार राई, चुलाचुली ५ | ६६२५०। | १ आर्थिक बर्ष |

# सम्पादकीय

## गुणस्तरमा निरन्तरता आवश्यक

झापास्थित दमक अस्पतालले हालै स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड (एमएसएस) मूल्यांकनमा ८८ प्रतिशत अंकका साथ 'ग्रिन कोड' हासिल गरेको छ । यो स्थानीय नागरिकका लागि खुशीको विषय पनि हो । स्वास्थ्य निर्देशनालयको प्राविधिक टोलीले गरेको स्थलगत निरीक्षणपछि प्राप्त यो उपलब्धि केवल एउटा अस्पतालको प्राविधिक अंक मात्र होइन, बरू दृढ इच्छाशक्ति र सही व्यवस्थापन भएमा सरकारी स्वास्थ्य संस्थालाई पनि उत्कृष्ट र भरोसायोग्य बनाउन सकिन्छ भन्ने बलियो प्रमाण पनि हो ।

दमक अस्पतालको यो प्रगति क्रमिक र निरन्तर सुधारको सुखद परिणाम हो । आर्थिक वर्ष २०७९/८० मा ४५ प्रतिशत मात्र मूल्यांकन अंक पाएको यस अस्पतालले त्यसपछिका वर्षहरुमा क्रमशः ७१ र ८४ प्रतिशत हुँदै चालु आर्थिक वर्ष २०८२/८३ मा ८८ प्रतिशतको उचाइ छोएको छ । बितेका चार वर्षमा ४५ प्रतिशतबाट ८८ प्रतिशतको यात्रा तय गर्नुले अस्पताल व्यवस्थापन समिति, नेतृत्व, चिकित्सक र समग्र कर्मचारी प्रशासनको गतिशीलता तथा उत्तर दायित्वलाई छर्लङ्ग पार्छ ।

छोटो समयमै गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गरेर नागरिकको विश्वास जित्न सफल हुनु दमकवासीका लागि मात्र नभएर समग्र प्रादेशिक स्वास्थ्य क्षेत्रकै लागि गौरवको विषय हो ।

विगतमा १५ शैयाबाट सुरू भएको यो अस्पताल हाल ७८ शैयामा विस्तार हुनु र यसमा २८ जना कन्सल्टेन्ट चिकित्सकसहित २ सय ३५ जनाको दक्ष जनशक्ति क्रियाशील हुनुले सेवाको फराकिलो दायरालाई पुष्टि गर्छ । स्वास्थ्य बीमा बोर्डमा रहेको बक्यौतासहित अस्पतालले वार्षिक करिब अर्बको हाराहारीमा गरिरहेको आम्दानीले यो संस्था आर्थिक रुपमा पनि आत्मनिर्भर र सबल बन्दै गएको संकेत गर्छ । आर्थिक सबलताले अस्पताललाई थप आधुनिक उपकरण खरिद गर्न र सेवा विस्तार गर्न राज्यको मुख मात्र ताक्नुपर्ने अवस्थाबाट मुक्त गराउँछ, जुन स्वास्थ्य संस्था दिगो हुनका लागि अपरिहार्य सर्त हो । तर, यो सफलतासँगै दमक अस्पतालको काँधमा थप जिम्मेवारी र चुनौती पनि थपिएका छन् । मूल्यांकनमा उत्कृष्ट अंक प्राप्त गर्नु एउटा पाटो हो, तर त्यस गरिमालाई निरन्तरता दिनु र शतप्रतिशत नागरिक सन्तुष्टिमा बदल्नु अर्को महत्वपूर्ण पाटो हो । "ग्रिन कोड" को साख जोगाउँदै अस्पताललाई देशकै अब्बल सरकारी अस्पतालका रुपमा स्थापित गर्न सेवाहरुलाई अझै प्रविधिमैत्री, सहज र गरिबमैत्री बनाउनुपर्ने देखिन्छ । पूर्वी नेपालकै भरपर्दो स्वास्थ्य संस्थाका रुपमा विकास हुँदै गर्दा आगामी दिनमा बढ्न सक्ने बिरामीको चापलाई मध्यनजर गर्दै भौतिक पूर्वाधार र सेवाको गुणस्तरमा निरन्तरता दिनु आवश्यक छ ।

## सामाजिक सञ्जालबाट

### बेइमानी गरेको प्रमाण दिनुस्



स्वर्णिम वाग्ले

'दुई अर्ब होइन, दुई रुपैयाँ मात्र बेइमानी गरेको प्रमाण दिनुस् । म अर्थमन्त्री र राजनीति मात्र होइन, सार्वजनिक जीवन नै त्यागिदिन्छु', अर्थमन्त्री डा वाग्लेले भने, 'यस्तो नैतिक प्रतिबद्धता अरु राजनीतिकर्मीमा पनि छ ?' अर्थमन्त्री डा स्वर्णिम वाग्लेले विद्युतीय सवारीसाधनसम्बन्धी कर निर्धारणमा सूचना चुहावट गरेको पुष्टि गर्न चुनौती दिएका छन् । सार्वजनिक लेखा समितिको बैठकमा उनले आफूविरूद्ध नियोजित रूपमा भ्रम फैलाउने र बदनाम गर्ने प्रयास भइरहेको बताए ।

### अभिव्यक्ति सच्याउनुपर्छ



हकराज राई

'हामी सदन चलाउन तयार छौं । तर हाम्रो माग एउटै छ, ०८३ साल जेठ १७ गते प्रधानमन्त्रीले बोलेको कुरा रेकर्डबाट हटाउनुपर्छ ।

प्रधानमन्त्रीले संसद्मा आएर माफी माग्नुपर्छ', उनले भने, 'संसद्का सबै नियम परिपलाना गरेर बैठक चलाउनुपर्छ ।' उनले आफूहरु सदनका अन्य कार्यसूचीमा प्रवेश गर्न तयार रहेको बताए। 'तर हाम्रा माग सम्बोधन हुनुपर्छ', उनले भने, 'तर प्रधानमन्त्रीले दिएको राष्ट्रहितविरोधी अभिव्यक्ति सच्याउनुपर्छ ।'

# शैक्षिक अवस्था, परिणाम र बिदाले पारेको प्रभाव



नरेन रिजाल
narenrijal7@gmail.com

शिक्षा निरन्तर अभ्यास र प्रयासबाट प्राप्त हुने नतिजा हो । शिक्षा सुधारका लागि विगतमा धेरै शैक्षिक आन्दोलन नभएका होइनन् र उपलब्धि पनि प्राप्त नभएका होइनन् । यसको सुधार र नयाँ शिक्षा प्रणालीमा विभिन्न देशहरूले यो मुलुकलाई समय समयमा शैक्षिक सहयोग पनि गर्दै आएका छन् । नेपालको संविधान २०७२ को संघीय संरचना अनुरूप विद्यालय शिक्षा प्रणालीलाई व्यवहारिक, समावेशी र रोजगारमुलक मुलक बनाउन नयाँ शिक्षा प्रणालीको अवधारणा अघि सारिएको हो । यसको आसय आधारभुत तहसम्म अनिवार्य र निशुल्क शिक्षा र माध्यमिक तहसम्म निशुल्क शिक्षा सुनिश्चित गर्नु हो । संविधानमा उल्लेख भएका कुराहरू, कतिसम्म व्यवहारिक रूपमा प्रयोग भए वा भईरहेका छन् ? आधुनिक ब्यवहारिक शिक्षाको रटान लगाएर हामीले कस्तो जनशक्ति तयार पार्दैछौं ? वर्तमान शिक्षा प्रणालीले देशलाई के उपलब्धी भइरहेको छ ? उत्पादित जनशक्तिले स्वदेशमा कहाँ र के कस्ता उपलब्धि हासिल गर्न सक्यो ? २/३ बर्षमा उपलब्धि हासिल नहोला । तर २/३ दशकको शिक्षा प्रणालीको कुरा गर्ने हो भने नेपालबाट उत्पादन भएका मानवीय जनशक्ति मध्ये कति प्रतिशत स्वदेशमा छन् ? अनि कति प्रतिशत पलायन भएका छन् ? शिक्षा मन्त्रालय वा विभागसँग रेकर्ड होला ? पलायनलाई रोक्न सक्ने कार्यक्रम के छ ? कानुन बनाएर मात्र समाधान हुँदैन । दिगो कार्यान्वयन आवश्यक हुन्छ ।

माओवादी ससस्त्र आन्दोलनको समयमा चलिरहेको शिक्षा प्रणाली बुर्जुवा प्रणाली भयो, आधुनिक व्यवहारिक शिक्षा चाहिन्छ भनेर शिक्षा र ब्यवस्था माथी ठूलो प्रहार भयो तर आजसम्म बुर्जुवा शिक्षा र आधुनिक शिक्षाको फरक परिभाषा कुनै नेताले दिए जस्तो लाग्दैन । सरकार फेरिए, सत्ता फेरिए, अवस्था परिवर्तन भए तर शिक्षामा नगन्य सुधार बाहेक आमूल परिवर्तन भएको छैन । कछुवाको गतिको सुधारले देशले खोजेको, वर्तमान अवस्था र व्यवस्थाले रोजेको सुधार हुन लामो समय कुर्नु पर्ने हुन्छ । पाठ्यक्रम, पाठ्य सामग्री पुर्‍याएर मात्र शैक्षिक गुणस्तर उक्सिदैन । त्यसमा दक्ष प्राविधिक जनशक्ति र दक्ष प्रशिक्षकको पनि आवश्यकता पर्दछ । शहरी क्षेत्रमा त्यो संभव होला तर ग्रामिण क्षेत्रमा सरकारी अनुदानमा पुर्‍याइएका शैक्षिक सामाग्रीहरू कोठामा थन्किएर बसेका छन् । यसले अधिकांश ग्रामिण क्षेत्रका बालबालिकाहरू गुणस्तरीय शिक्षाबाट बञ्चित भइरहेका छन् भन्ने बुझिन्छ । परिणाम, शुन्य उपलब्धी हुन्छ । त्यसैले सम्बन्धित निकायले उच्च स्तरका विज्ञ प्रयोग गरेर सबै क्षेत्रमा अनुगमन गर्नु र तालिमको व्यवस्था गर्नु उचित हुने देखिन्छ । सरकारले शिक्षा क्षेत्रमा गरेको सम्बोधन कतिपय अवस्थामा राम्रो भए पनि कार्यान्वयनमा फितलो देखिएको छ ।

देशमा ब्याप्त बेथितिको अन्त्य गर्न जेनजी आन्दोलन भयो । सत्ता फेरियो । चुनाव भयो र नयाँ सरकार बनेको छ । लगभग नयाँ शैक्षिकसत्र शुरू हुनु केहि समय अघि बनेको यो सरकार सँग जनताको अपेक्षा ठूलो छ । अझ शिक्षा क्षेत्रमा चौतर्फी विकास होस, अन्योलको समाधान होस् भन्ने आशा छ । सामुदायिक स्कूल मात्र हैन संस्थागत स्कुललाई पनि सौतेनी व्यवहार नगरी प्राथमिकता दिएर शैक्षिक गुणस्तर उकास्न सरकारले सहयोग गर्नु आवश्यक देखिन्छ ।

वर्तमान सरकारले मितव्ययिता अपनाउँदै र भईरहेको चुहावट कम गर्न, फजुल खर्च रोक्न र कर्मचारीलाई सुविधा दिने उद्देश्यले हप्तामा २ दिन छुट्टि दिने कार्य सुरूआत गरेको छ । यो कार्य कतिपय संघ संस्थाहरूका लागि उचित होला तर शैक्षिक क्षेत्रका लागि भने उत्पादनमुलक जस्तो लाग्दैन । विदाका कारण शिक्षण सिकाइ प्रक्रियामा गम्भीर असर पार्छ । यसले पहिलो, निरन्तरतामा बाधा ल्याउँछ र पढ्ने बानी हटेर जान्छ । दोस्रो, विषय वस्तु बिर्सने र सिकेका कुराहरु स्मरणबाट हटेर जान्छ । तेस्रो, पाठ्यक्रम अधुरो भई शैक्षिक सत्र खेर जान्छ । चौथो, कोर्ष पुरा गर्न शिक्षकले हडबडमा शिक्षण गर्नुपर्ने हुन्छ । पाँचौं, गुणस्तरीय सिकाईमा ह्रास आउँछ ।


यस्ता विविध समस्याहरु बाहिरबाट झट्ट हेर्दा नदेखिने तर प्रत्यक्ष असर गर्ने खालका हुन्छन् । त्यसकारण पनि शैक्षिक क्षेत्रको उन्नती गर्ने नाममा अवन्नती हुन सक्छ । वर्तमान परिप्रेक्षमा देखिएको अर्को आम समस्या भनेको सामाजिक सञ्जालको बढ्दो प्रयोग हो । यसको प्रयोगले बालबालिकामा मानसिक तनाव, एकोहोरोपना, थकान, प्रेसर, चिडचिडाहट, रिस, आवेगमा वृद्धि भएको छ । जसले सोच्न सक्ने क्षमतामा ह्रास आई नकारात्मक सोचमा पुयाउँछ ।

एउटा स्कुलमा पढ्ने बच्चा गृहकार्य गर्दा च्याट जीपीटीको प्रयोग गर्छ र मोवाइलबाट सारेर गृहकार्य ल्याउँछ भन्दा तपाईलाई अचम्म लाग्दैन ? सोच्ने मस्तिष्क खै ? किताब पढ्ने बुझ्ने आदत खै ? माध्यमिक स्तरमा अध्ययनरत विद्यार्थीले स्वस्वर वाचन स्पष्टसँग गर्न नसक्नु दुःखको कुरा हो ।

यो प्रायः सबै विद्यालयहरूमा देखिन्छ । यसको कारण र समाधानका उपायहरु विगतका अंकमा आइसेकको छ । जतिसुकै भूमिका बाँधेर उत्तर दिए पनि आजको शिक्षा प्रणाली सिद्धान्त र प्रमाण पत्रमा आधारित छ । जुन आजको श्रम बजार र व्यवहारिक जीवनमा मिल्न सकेको छैन । जबसम्म ब्यवहारिक, गुणस्तरीय र प्राविधिक शिक्षाको विकास हुदैन, तबसम्म सत्ता, सरकार, कानून जेसुकै परिवर्तन भए पनि शिक्षा क्षेत्रमा अनुकुल वातावरण बन्न सक्दैन । अर्को कुरा शिक्षण सिकाईलाई व्यवहारिक र प्रभावकारी बनाउन पाठ्यक्रमलाई समयानुकुल परिमार्जन र सुधार गर्नु जरूरी हुन्छ । दमक झापा

# धर्म के हो ?

सन्तोष आचार्य:



धर्म भनेको कुनै पनि वस्तुको कहिल्यै नफेरिने विशेषता हो, उसको आफ्नै स्वभाव हो । आगोको धर्म तातो हुनु हो । पृथिवीको धर्म उत्पादन दिनु, हावाको धर्म जीवन प्रदान गर्नु भनेजस्तै मनिसको धर्म मानवता हो । त्यसलाई मानवीय सदगुण पनि भनिन्छ । मानवका लागि धर्म उसको आफ्नो परिचय हो, अस्तित्व हो र स्वाभिमान पनि हो । सनातन धर्म भनेको परापूर्वकालदेखि चलिआएको मानवीय सदगुणरूप नै धर्म हो ।

सनातन धर्म कसैले चलाएको धर्म होइन । त्यसैले यहा ईसाई मुस्लिम बुद्ध धर्ममा जस्तो कोहीपनि प्रवर्तक हुँदैनन् । साक्षात् ईश्वर नै यस धर्मका प्रवर्तक हुनुहुन्छ । सनातन धर्म विश्वको सबैभन्दा पुरानो र वैज्ञानिक धर्म मानिन्छ ।

ॐ कारलाई मूल मन्त्र मान्ने, सदाचार (राम्रो आचरण) मा रहने, पिता, माता र गुरुजनलाई श्रद्धा गर्ने, वेदशास्त्रको वचन पालन गर्ने, गाई, गङ्गा, तुलसी, प्रकृति र देवमूर्तिको पूजा गर्ने, ईश्वरमा आस्था राख्ने व्यक्ति नै हिन्दु हो ।

धर्म धारणा हो, देखावटीपन होइन । ईश्वर मान्ने कुरा हो, विश्वास भए मान्ने हो विश्वास नभए नमान्न पनि सकिन्छ, चार्वाक नास्तिक थिए नास्तिकवादको प्रणेता पनि हिन्दु धर्म नै हो !

चार्वाकलाई नि यहा ऋषी नै मानिन्छ धर्म पालन गर्ने कुरा हो । धर्म कर्तव्य हो, अनुशासन हो, यसलाई पालन गर्नुपर्छ, म धर्म मान्छु भनेर मात्र पुग्दैन धर्म पहिचान हो, अस्तित्व हो, यो परिवर्तन गर्न मिल्दैन ।

धर्म जीवनको आधार हो आडम्बर होइन । अन्धविश्वास होइन । धर्म आफ्नो पहिचान हो, अस्तित्व हो । त्यसैले धर्म छोड्न हुँदैन । आफ्ना पुर्खाले मानिआएको धर्म छोड्दा आफ्नो पहिचान हराउँछ । अस्तित्व हराउँछ । धर्म हराउँदा संस्कृति हराउँछ, संस्कृति हराउँदा हाम्रोपन हराउँछ । हाम्रोपन हराउँदै जाने हो भने एकदिन हाम्रो देश पनि हराउँछ ।

किनभने धर्म र संस्कृतिविनाको देश प्राणविनाको शरीरजस्तै हो । प्राण नभएको शरीरलाई मूर्दा भनिन्छ । त्यो धेरै दिन टिक्दैन । त्यस्तै धर्म र संस्कृतिविनाको देश पनि धेरै दिन टिक्दैन । हिन्दुधर्म नेपालको आफ्नो मौलिक रैथाने धर्म हो ।

यहाँका मानिसहरू परापूर्वकालदेखि हिन्दुधर्म मान्छन् । हिन्दुधर्मको मूल वेद हो । वेदको विस्तार यहीँका वेदव्यासले गरेका हुन् । हिन्दुहरूको मूल ग्रन्थ गीता, महाभारत र पुराण लेख्ने व्यास नेपाल धर्तीका सत्पुत्र हुन् । रामायण लेख्ने वाल्मीकि यतै बस्थे । हरेक हिन्दुको घरमा पुजिने शालिग्राम गण्डकी नदीमा पाइन्छन् । विश्वमा जहाँ बसे पनि हरेक हिन्दुले नेपालको पशुपतिलाई आराध्यदेव मान्छन् । मुक्तिनाथ, देवघाट नगई नहुने तीर्थ ठान्छन् । हिन्दुधर्ममा नेपाल धर्तीको सम्मान हुने भएकाले हिन्दु धर्म नेपालको मौलिक रैथाने धर्म हो र यो धर्म नेपालको पहिचान पनि हो ।

धर्म भन्नाले दैवि शक्ति, परमात्मा अथवा अदृश्य शक्तिमा गरिने विश्वास र त्यस्ता शक्तिहरू सँग सम्बन्धित नैतिक आचरण, व्यवहार, मूल्य तथा मान्यता, सङ्घ संस्था, तथा पुरातन बिधिहरू पर्दछन् । कहिलेकाहिं आस्था अथवा विश्वास जस्ता शव्द पनि धर्मकै अर्थमा प्रयोग गरिन्छ । बृहद अर्थमा कसैले धर्मलाई ब्रम्हाण्ड र मानवको संबन्ध बारे सम्पूर्ण उत्तर मान्ने गर्दछन् । धर्म भनेको जिव वा मानवको स्वभाविक गुण हो । धारयति इति धर्म । 'धृ' धातुमा मन प्रत्ययको योगबाट निर्मित धर्म शब्दको अर्थ हो । कर्तव्य र मानिसले पालना गर्नुपर्ने आदर्शपूर्ण भूमिका नै धर्म हो ।

धर्मको तीन आधार स्तम्भ छन् :

१) सत्य, २) अहिंसा र ३) तप ।

मन, बचन र कर्मले कसैको हिंसा नगर्नु नै धर्म हो । आजका मानिस धर्मबाट विमुख हँदै गइरहेका छन् । ब्राह्मणको धर्म हो ब्राह्मणत्व, क्षेत्रीको धर्म क्षेत्रित्व, गुरूको घर्म गुरूत्व, शिष्यको धर्म हो शिष्यत्व ।

मातापिताको पनि आफ्नै धर्म छ, यसैगरी सन्तानको पनि आफ्नै धर्म हुन्छ ।

धर्म के हो ? यस सन्दर्भमा महर्षि वेदव्यासको वाणी यस्तो छ 'सुयताम धर्म सर्वस्वम् सुताचैबा धार्यताम, आत्मा न प्रतिकुलानी परेसान न समाचरे ।' अर्थात्, जुन व्यवहार अरुले आफूलाई गर्दा प्रतिकूल लाग्दछ, त्यस्तो व्यवहार अरुसँग नगर्नु नै धर्म हो ।

धर्म भनेको आत्मज्ञान तथा ब्रह्मासम्बन्धी विचार हो । अध्यात्म धार्मिक स्वभाव हो, त्यसैकारणले अध्यात्म स्वभाव उच्चते भनेर उपनिषधमा लेखिएको छ । बन्धनबाट मोक्षतर्फको यात्राको नाम धर्म हो । वासनाबाट उपासना तर्फ लाग्नु धर्म हो । मृत्युबाट अमरत्वतर्फ लाग्नु नै धर्म हो । भवतु सब्ब मंगलम !

विज्ञानले त आमा र छोरीको यौवन र योनीमा नि फरक देख्दैन आमा र स्वास्नीमा फरक देखाउने भनेकै धर्मले हो । चेतनामा संस्कार भर्ने धर्मले हो ।

भौतिकवादी हो भने स्विकार्न सक्नुपर्यो नि स्वास्नी र छोरीमा अन्तर छैन भनेर ।













# फष्टाउँदै इलाममा केरा खेती



इलाम । इलामको पूर्वी क्षेत्रका किसानले परम्परागत अन्नबालीको सट्टा व्यावसायिक केरा खेती विस्तार गर्दै आम्दानी बढाउन थालेका छन् । अन्नबाली फल्ने खेतबारी मासेर केरा खेती लगाउने प्रवृत्ति तीव्र रूपमा बढ्दै गएको छ । प्रत्येक किसानले करिब १०० देखि १,००० बोटसम्म केरा रोपेका छन् भने अधिकांश बोटमा हाल घरी (फल) लाग्न थालेको छ ।

माई नगरपालिका–९ बोरूङ यस खेती विस्तारको मुख्य केन्द्र बनेको छ, जहाँ करिब ८० घरधुरीले व्यावसायिक केरा खेतीलाई प्रमुख आम्दानी स्रोत बनाएका छन् । यहाँका किसानहरूका अनुसार केरा खेतीले अन्नबालीको तुलनामा करिब तेब्बर बढी आम्दानी दिन थालेको छ। उत्पादन बिक्री गरेर प्राप्त आम्दानीले घरखर्च सहज रूपमा धान्न सकिएको उनीहरूको भनाइ छ।

स्थानीय किसान टुपेन्द्र लिम्बूले पाँच वर्षदेखि केरा खेती गर्दै आएका छन्। उनले करिब १० रोपनी जमिनमा एक हजार बोट केरा रोपेका छन्, जसबाट वार्षिक दुईदेखि तीन लाख रूपैयाँसम्म आम्दानी भइरहेको बताए । "रोपेको ९ महिनादेखि एक वर्षमै उत्पादन सुरू हुन्छ । घरमै आएर व्यापारीले प्रतिघरी ३०० देखि ७०० रूपैयाँसम्ममा किन्ने भएकाले अन्नबालीभन्दा धेरै फाइदा हुन्छ," उनले बताए ।

अर्का किसान मिलन राईले करिब ५०० बोट केरा रोपेर वार्षिक करिब १ लाख ५० हजार रूपैयाँ आम्दानी गर्दै आएका छन् । उनले कम मेहनत, कम लगानी र छिटो आम्दानीका कारण केरा खेतीतर्फ आकर्षित भएको बताए। व्यापारीहरू घरमै आएर खरिद गर्ने भएकाले बजारको समस्या पनि नरहेको उनको अनुभव छ ।

त्यस्तै, तीर्थ साउदेनले पाँच रोपनीमा २०० बोट केरा लगाएर पहिलो वर्षमै ८० हजार रूपैयाँ आम्दानी गरेको बताए । केरा खेतीले घरव्यवहार चलाउन सहज भएको उनको भनाइ छ ।

बोरूङमा चिनीचम्पा, धुस्रे, काबेली, झाजी, भण्डारी, झपरीलगायत स्थानीय जातका केरा खेती भइरहेको छ । सडक विस्तार भएपछि उत्पादन झापाको बिर्तामोड, काँकडभिट्टा, दमक, धरान, विराटनगर हुँदै काठमाडौंसम्म पुग्न थालेको छ ।

बाँझो जमिनको उपयोग गर्दै दक्षिणी इलामका माई नगरपालिका, दानाबारी, महमाई, माङसेबुङ, चुलाचुलीलगायत क्षेत्रमा समेत केरा खेती विस्तार भइरहेको छ । कम मेहनत र सुनिश्चित बजारका कारण किसानहरू नगदे बालीतर्फ आकर्षित हुँदै गएका छन्, जसले ग्रामीण अर्थतन्त्रमा सकारात्मक प्रभाव पारिरहेको छ ।

# गाईभैसीको बाँझोपन न्यूनीकरण गर्न घरगोठमा उपचार



दमक/ झापाको दमकमा गाई भैँसीमा हुने बाँझोपन न्यूनीकरणका लागि नि:शुल्क घुम्ती शिविर संचालन गरिएको छ । यही जेठ २६ र २७ गतेगरी दुई दिन सम्म पशुपालक किसानका घर घरमा गइ संचालन गरिएको शिविरका क्रममा २५ पशुपालकका घरगोठमा रहेका ४० वटा गाईको बाँझोपनको अवस्था परीक्षण गरिएको दमक नगरपालिका पशुपन्छी विकास शाखाका पशु विकास अधिकृत विपु अधिकारीले जानकारी गराएका छन् ।

दमक नगरपालिकाको चालू आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रमअनुसार यस्तो शिविर संचालन गरिएको हो । बाँझोपनको समस्या पहिचान भएका गाईहरूको गर्भ र पाठेघर मेशिनले जाँच गरी आवश्यक औषधी समेत दिइएको अधिकारीले बताए । ती गाईलाई आवश्यकता र अवस्था हेरी इन्जेक्सन समेत दिइएको पनि उनको भनाई छ । कतिपय गाईमा प्राकृतिक या कृत्रिम गर्भाधान गरेपनि पटक पटक गर्भ नबसी उल्टिएको कुरा पशुपालक किसानहरूबाट सूचना पाएकोले मागका आधारमा विज्ञ पशु चिकित्सकहरू समेत ल्याइ यस्तो घुम्ती शिविर संचालन गरिएको हो ।

यस्तो शिविर दमक नगरपालिकाको वडा नं. १, २, ३, ४, ९ र १० मा दुई दिन सम्म चलेको हो । पशुपालक किसानहरूको घरदैलोमा पुगेर दमक नगरपालिकाले दिएको यस्तो शिविरबाट सम्बन्धित किसानहरूलाई महत्वपूर्ण लाभ मिलेको बताइएको छ । गाईमा गर्भाधान पश्चात गर्भ उल्टिने समस्याले धेरै किसानहरू पीडामा पर्दै आएका छन् । कतिपयले त अनेकन प्रयास गर्दा पनि गाईमा गर्भ स्थायी नभएपछि पशुनै थोरै दाममा बिक्री गर्न गरेका जानकारीहरू सुन्नमा पाइन्छ ।

दमक नगरपालिकाले संचालन गरेको यस्तो घुम्ती शिविरका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र इलामका प्रमुख विज्ञ डा. राघवेन्द्र तिवारीले पनि सेवा दिएका थिए । घुम्ती टोलीमा दमक नगरपालिका पशुपन्छी विकास शाखा प्रमुख डा. आकृति सिंह, पशु विकास अधिकृत विपु अधिकारी र पशु स्वास्थ्य सेवा प्राविधिक निरूता चापागाई लगायतको सक्रिय सहभागिता रहेको थियो । गाई भैँसीमा हुने बाँझोपन न्यूनीकरणका लागि दमक नगरपालिकाले वर्षेनीजसो पशुपालक किसानहरूको घरदैलोमै पुगेर नि:शुल्क घुम्ती शिविर संचालन गर्दै आएको छ । शिविरमा सम्बन्धित पशुको गर्भ, पाठेघर जाँचका साथै आवश्यकता अनुसार औषधी दिने र इन्जेक्सन समेत लगाउने गरिएको छ ।

# विज्ञान संकाय सञ्चालनको स्वीकृति

दुधे/ शिवसताक्षी नगरपालिकाका विद्यार्थी अब विज्ञान विषय अध्ययनका लागि दमक, बिर्तामोड वा अन्य सहर धाउनुपर्ने बाध्यताबाट मुक्त हुने भएका छन् । नगरपालिकाको वडा नं. ११ दुधेस्थित राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालयले कक्षा ११ मा विज्ञान संकाय सञ्चालनको स्वीकृति पाएपछि स्थानीय अभिभावक र विद्यार्थीमा उत्साह छाएको छ ।

वि.सं. २०२६ सालमा स्थापना भएको विद्यालयले २०५६ सालदेखि कक्षा ११ सञ्चालन गर्दै आएको भए पनि हालसम्म व्यवस्थापन र शिक्षा संकायमा मात्र अध्यापन गराउँदै आएको थियो । यस वर्षदेखि भने पहिलो पटक विज्ञान संकाय सञ्चालनको अनुमति प्राप्त भएपछि विद्यालयले आवश्यक पूर्वाधार, प्रयोगशाला तथा दक्ष शिक्षकको व्यवस्था गरिसकेको जनाएको छ ।

विद्यालयका प्रधानाध्यापक गिरिराज शेर्मा का अनुसार विज्ञान संकायका लागि ४० जना विद्यार्थीको कोटा स्वीकृत भएको छ। नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयबाट यस वर्ष एसइईमा उत्कृष्ट जीपीए हासिल गरेका तथा विज्ञान अध्ययन गर्न इच्छुक विद्यार्थीलाई क्षमताका आधारमा भर्ना गरिने उनले बताए ।

प्रधानाध्यापक शेर्माका अनुसार विद्यालयले विज्ञान संकायका लागि आवश्यक साइन्स ल्याब तयार गरिसकेको छ । विद्यार्थीले कक्षाकोठामा सैद्धान्तिक अध्ययनसँगै प्रयोगात्मक अभ्याससमेत गर्न पाउनेछन् । विद्यालयमा नेपाली र अङ्ग्रेजी दुवै माध्यमबाट अध्ययन अध्यापन हुँदै आएको छ भने व्यावहारिक शिक्षालाई पनि विशेष प्राथमिकता दिइँदै आएको छ ।

स्थानीय तहभित्र विज्ञान शिक्षा उपलब्ध नहुँदा वर्षेनी धेरै विद्यार्थी दमक, बिर्तामोड, इटहरी तथा अन्य सहरका विद्यालयमा अध्ययन गर्न जान बाध्य थिए । विज्ञान तथा प्रविधि क्षेत्रमा रूचि भएका विद्यार्थीलाई स्थानीय स्तरमै अवसर उपलब्ध हुँदा शैक्षिक पलायन कम हुने, अभिभावकको खर्च घट्ने र नगरभित्रै शैक्षिक प्रतिस्पर्धा तथा गुणस्तर अभिवृद्धि हुने विश्वास गरिएको छ ।

## स्वास्थ्य

# कागती पानी कति फाइदाजनक ?



**दमक/** एउटा मध्यम आकारको कागतीमा २० भन्दा कम क्यालोरी हुनुका साथै यो भिटामिन-सी को प्रचुर स्रोत हो, जसले हाम्रो दैनिक आवश्यकताको ३० देखि ४० प्रतिशत हिस्सा ओगट्छ ।

यसबाहेक यसमा भिटामिन बी १, बी ६, पोटासियम, आइरन, म्याग्नेसियम, क्याल्सियम र पाचनका लागि फाइदाजनक पेक्टिन नामक घुलनशील फाइबर पाइन्छ । मुटुको स्वास्थ्यका सन्दर्भमा, कागती पानीले पहिले नै भइसकेको ब्लकेज वा जमेको कोलेस्ट्रोललाई पगाल्न सक्दैन ।

तर, यसमा हुने भिटामिन सी र एन्टिअक्सिडेन्टले रगतको नशामा कोलेस्ट्रोल जम्ने प्रक्रियालाई ढिलो गराएर भविष्यमा हुने ब्लकेजको जोखिम कम गर्छ तथा रक्तचाप र खराब कोलेस्ट्रोल नियन्त्रणमा सहयोग पुऱ्याउँछ । त्यस्तै, कागतीले सिधै बोसो पगाल्ने नभई धेरै क्यालोरी भएका पेय पदार्थको सट्टा यसको सेवन गर्दा शरीरमा क्यालोरी कम पुग्ने र यसमा भएको फाइबरले भोक कम गराउने हुँदा अप्रत्यक्ष रूपमा तौल नियन्त्रणमा मद्दत पुग्छ ।

मधुमेहका बिरामीका लागि पनि रगतमा ग्लुकोजको अवशोषण ढिलो गराउने भएकाले कागती पानी उपयुक्त मानिन्छ । पाचनको समस्यामा बिरेनुनसँग मिसाइएको मनतातो कागती पानीले ग्यास्ट्रिक र अपचमा राहत दिए पनि बढी एसिडिटी भएकाहरूले भने सावधानी अपनाउनु पर्छ । यसका साथै, कागतीमा हुने साइट्रिक एसिडले मिर्गौलामा पत्थरी बन्न रोक्छ भने यसले खानामा भएको आइरनलाई शरीरमा सोस्न मद्दत गर्ने भएकाले रक्तअल्पताबाट बच्न सकिन्छ । एजेन्सीको सहयोगमा ।

## पुस्तक साभार

# नेपालको इतिहास र समाज अध्ययन



✍ डा. सूर्यमनि अधिकारी

## नुवाकोट विजय

आवश्यक तयारीपश्चात् पृथ्वीनारायण शाहले नुवाकोटमाथि आक्रमण गर्न वर्षात्को समय रोजे । ज्योतिषी कुलानन्द ढकालले दिएको साइतमा करीब १,००० गोर्खाली सैन्यका साथ उनी नुवाकोटका लागि प्रस्थान गरे । त्रिशूलीको किनारमा खिन्चेत भन्ने स्थानमा खेत बिराउने बहानामा खेतालाका भेषमा गोर्खाली सैनिक त्यहाँ पुऱ्याइए । आक्रमण गरिने स्थानमा बाँसको कीलो गाढी साइतको कागज टाँसेर आउन सके विजयश्री हात लाग्छ भन्ने धारणाअनुसार कालु अधिकारीले साहसपूर्वक सो काम फत्ते गरेर आए । गोर्खाली सेना आक्रमण गर्न आएको थाहा पाएपछि नुवाकोटका रक्षक जयन्त राना थप सेनाका लागि काठमाडौं गए । त्यहाँ इन्द्रजात्रा मनाइरहेका राजा जयप्रकाश मल्लले उनको मागप्रति उचति ध्यान दिएनन् । यता गोर्खालीहरूले वि.सं. १८०१ असोज १५ गते शनिबार नुवाकोटगढीमा आक्रमण गरे ।

त्यस आक्रमणमा गोर्खाली सेनालाई तीन भागमा बाँडियो । पृथ्वीनारायण शाह, कालु पाण्डे र महोद्दामकीर्ति शाहले एक-एक समूहको नेतृत्व गरे । जयन्त राना कान्तिपुर गएकाले नुवाकोटको रक्षाको भार उनका छोरा शत्मणि रानाको जिम्मामा थियो । महामण्डल भन्ने स्थानमा शत्मणि रानाको नेतृत्वमा नुवाकोटका फौजले गोर्खाली आक्रमणको वीरतापूर्वक सामना गरे । युद्धमा पृथ्वीनारायण शाहका भाइ १२ वर्षका दलमर्दन शाहबाट शत्मणि राना मारिए । नुवाकोटको फौज भागेर ज्यान जोगाई दुई कोस दक्षिण वेलकोटा शरण लिन पुग्यो ।

बेलकोट विजय नगरी नुवकोटमाथि भएको अधिकार स्थायी हुन सक्दैनथ्यो । जयन्त राना वेलकोटमा आएर सैन्य सङ्गठन गर्न थालिसकेका थिए । यसर्थ पृथ्वीनारायण शाह वेलकोटमाथि आक्रमण गर्न हतारिए । कालु पाण्डे थप सेना र हातहतियार मगाई आवश्यक तयारी गरेर मात्र आक्रमण गर्ने पक्षमा थिए । तर, पृथ्वीनारायण शाह जिद्दी गरी सेना लिएर अगाडि बढे । कालु पाण्डेलाई पनि साथ दिन करै लाग्यो । वेलकोटको उकालोमा नुवाकोटका सैनिकले गोर्खाली पक्षमा ठूलो क्षति पुऱ्याईदिए । पृथ्वीनारायण शाहकै जीवन पनि खतरामा परिसकेको थियो । कालु पाण्डे अगाडि बढी शत्रुमाथि जाइलागेर विजयश्री दिलाए । जयन्त राना समातिए । उनलाई नुवाकोट लगी 'शत्रुसँग मिल्नेको यही दशा हुनेछ' भन्दै सबैका सामु छाला काढी खुर्सानी र अमिलो दलेर मारियो । यसरी नुवाकोटका साथै वेलकोट गोर्खाको अधिकारमा आयो ।

नुवाकोट विजयमा कलिलो उमेरमा बहादुरी देखाउने दलमर्दन शाहको पृथ्वीनारायण शाहले ठूलो तारिफ गरे । नुवाकोटगढीमा साइतको कीलो गाढ्ने कालु अधिकारीको साहसको सम्मान गर्दै उनलाई ढाँडखर्क भन्ने स्थानमा बिर्ता दिए । गोर्खाली सैनिकलाई डुङ्गाद्वारा त्रिशूली तारिदिने जलुवा माझीले माझीटारमा बिर्ता पाए । अरूले पनि यथायोग्य सम्मान र पुरस्कार पाए ।

नेपाल एकीकरणको इतिहासमा नुवाकोटको विजय अत्यन्त महत्वपूर्ण छ । यस विजयबाट गोर्खा र कान्तिपुरबीचको सम्पूर्ण इलाका गोर्खाको अधिकारमा आयो । उपत्यकाबाट एक दिनको बाटामा गोर्खालीहरू आइपुगे । तिब्बत जाने व्यापारिक मूलबाटो गोर्खाको अधीनमा आयो । यस विजयबाट गोर्खालीहरूको मनोबल अत्यन्त उच्च भयो । अब उनीहरू नुवाकोटलाई आधार बनाएर उपत्यकातर्फ बढ्न सक्ने भए । पृथ्वीनारायण शाहले नुवाकोटलाई राजधानीको रूप दिए । उनी धेरैजसो नुवाकोटमा नै रहेर विजय अभियानको तारतम्य मिलाउने गर्दथे । उनले नुवाकोटमा बनाएको साततले दरबार अद्यावधि छदैछ । क्रमशः

## मनोरञ्जन

### 'मिस्टर एन्ड मिस एसइई

# 'सुपर मोडल'को उपाधि सिटौला र सिंहलाई




**दमक/** 'मिस्टर एन्ड मिस एसइई सुपर मोडल २०२६'को उपाधि मिष्टरतर्फ सौरभ सिटौला र मिसतर्फ आर्यना सिंहले जितेका छन् । विजेता दुवैले उपाधिसँगै २ लाख रूपैयाँ, स्मार्टफोन तथा अन्तर्राष्ट्रिय स्तरमा नेपाललाई प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरे । प्रतियोगितामा प्रिन्स चौधरी र आकृति राई 'फेस अफ एसइई सुपर मोडल २०२६' हुँदा जोयल महर्जन र युइशा बस्नेत फस्ट रनरअप, साओलिन श्रेष्ठ र कृतिश्मा लामा सेकेण्ड रनरअप, आरव श्रेष्ठ र सुम्निमा बजगाईं थर्ड रनरअप तथा अन्सन अधिकारी र युनिशा शाक्य फोर्थ रनरअप घोषित भए। त्यस्तै विवेक भुसाल र जेलिशा श्रेष्ठ ब्रान्ड एम्बासडर, साइस् रौनियार र जेत्सुन डोल्मा मोक्तान अर्गनाइजर च्वाइस, सदिक्षा तामाङ ब्यूटी विथ ब्रेन, सुषान्त तामाङ र हिमानी लामिछाने भ्यालेन्टिनो ब्रान्ड एम्बासडर घोषित भए ।

मनास्लु वर्ल्डको प्रस्तुति, भ्यालेन्टिनो इन्टरनेशनल कलेज अफ फेसनद्वारा सञ्चालित तथा एभरेष्ट इभेन्ट्सद्वारा आयोजित प्रतियोगितामा साधवी प्रसाईंले पब्लिक च्वाइस अवार्ड, आयुश्री कार्कीले भ्यूज च्वाइस अवार्ड, अविनाश तामाङले भ्यूज च्वाइस रनरअप तथा अरिका थापा र प्रिन्स पाण्डेले मोस्ट पपुलर रनरअपको उपाधि हासिल गरे । सहभागी सबैलाई नेपालका २० भन्दा बढी प्रतिष्ठित कलेजहरूमा विज्ञान, व्यवस्थापन, मानविकी तथा ए-लेभल अध्ययनका लागि छात्रवृत्ति अवसर प्रदान गरिएको आयोजकले जनाएको छ ।

## दैनिक राशिफल



आज मिति
२०८३ साल
जेठ २९ गते
शुक्रबार
12 June, 2026
तिथि: द्वादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | रोगव्याधीले सताउला । धन खर्च । मन खिन्न । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | स्वास्थ्यमा सुधार । पारिवारीक भेटघाट । |
| मिथुन | का कि कु घ ङ छ के को हा | परिश्रम अनुसार फल प्राप्ती । मनमा उत्साह बढ्ने । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारको अवसर । विदैशिक यात्रा होला । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | ब्यापार व्यवसायमा लाभ । धन सञ्जय नहुने । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मनमा धेरै कुरा खेल्ने । विश्वास बढी गर्नाले धोका । |
| तुला | हि हु हे हो डा डि डु डे डो | स्वास्थ्य गडबड खानपिनमा बढी ध्यान दिनु होला। |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | सामाजिक मान बढ्ने । कुरा काट्ने पनि सकृय । |
| धनु | य यो भा भी भ धा फा ढ भे | साथीभाइबाट सहयोग । आफन्तजनमा भने मनमुटाव । |
| मकर | भो जा जी खि खू खे खो गा गी | आम्दानीका बाटाहरु खुल्ने । नयाँ सरसामान खरिद । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | अध्ययनमा सफलता । परिश्रम भने बढी गर्नुपर्ला । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मान्यजनसँगको भेटघाट परिवारमा खुशीयाली । |



कमल ६ स्थित गौरादह जाने हाइवेमा जोडिएको पश्चिमतर्फको बाटोमा टायल विच्छ्याउँदै कामदारहरू ।

**दमकको...**

नगरस्तरीय योजना छनौट गर्न सक्ने व्यवस्था गरिएको छ । नगरपालिकाले नगरस्तरीय योजनालाई टुर्क्याएर साना-साना आयोजना बनाउने, एउटै योजनालाई पटक-पटक खण्डीकरण गर्ने वा एकीकृत योजनाको स्वरूप बिगार्ने कार्य गर्न नपाइने स्पष्ट निर्देशन दिएको छ ।

नगरपालिकाले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई जनमुखी, पारदर्शी र आवश्यकतामूलक बनाउन वडा तथा टोल भेलामा सक्रिय सहभागिता जनाउन नगरवासीलाई आग्रह गरेको छ । स्थानीय स्तरबाट प्राप्त सुझाव, माग र प्राथमिकताका आधारमा नै आगामी वर्षका विकास योजना तथा कार्यक्रमलाई अन्तिम रूप दिइने भएकाले नागरिकको सहभागिता महत्वपूर्ण रहने नगरपालिकाले जनाएको छ ।

**चिया...**गोदाममा रहेका नेपाली चियाका प्रत्येक बोराबाट नमुना संकलन गरी परीक्षण गर्न थालिएको छ ।

नमुना संकलन गरेको एक साताभन्दा बढी समय बितिसक्दा पनि परीक्षण प्रतिवेदन नआएको र प्रतिवेदन प्राप्त नभएसम्म बिक्री-वितरणमा रोक लगाइएको नगरपालिकाले जनाएको छ । यसका कारण हाल करिब ५० हजार किलो नेपाली चिया भारतीय गोदाममै थन्किएको छ ।

**२४.....**उनीलाई घर तथा लुकिछिपी बसेका स्थानबाट नियन्त्रणमा लिएको जनाएको छ । पक्राउ परेकामध्ये अधिकांश लागुऔषध मुद्दासँग सम्बन्धित छन् ।

**मल.....**जानकारी दिइन् ।

मन्त्री चौधरीले चार लाख ६८ हजार १६ मेट्रिकटन मल किसानलाई बिक्री/वितरण गरिसकिएको बताइन्। हाल एक लाख ६८ हजार ८०२ मेट्रिकटन मल मौज्दात रहेको उनले बताइन् । असार अन्तिमदेखि साउन महिनासम्ममा ९० हजार मेट्रिकटन मल नेपाल भित्रिने अपेक्षा गरेको मन्त्री चौधरीको भनाइ थियो ।

मित्र राष्ट्र भारतसँग जिटुजी खरिद माध्यमबाट ८० हजार मेट्रिकटन मल खरिद गर्न मन्त्रिपरिषद् बैठकबाट सैद्धान्तिक स्वीकृति प्राप्त गरी पहिलो चरणमा ३० हजार मेट्रिकटन युरिया र २० हजार मेट्रिकटन डिएपी खरिद प्रक्रिया सुरू गरिएको उनले जानकारी दिइन् । उक्त परिमाणको मल साउन महिनादेखि नेपाल भित्रिने उनको भनाइ छ ।

## दमक क्याम्पसमा.....



.....गर्दै अघि बढ्नुपर्नेमा जोड दिए । उद्योग-व्यवसाय प्रतिनिधिहरूको तर्फबाट राजेन्द्र ढकालले पनि बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन गर्न यस्ता संवाद कार्यक्रम प्रभावकारी हुने धारणा व्यक्त गरे । कार्यक्रम सञ्चालन सहायक क्याम्पस प्रमुख डिल्ली प्रसाद भट्टराईले गरेका थिए भने विभिन्न शैक्षिक, औद्योगिक तथा प्रशिक्षण क्षेत्रका प्रतिनिधिहरु र सञ्चारकर्मीको उपस्थिति रहेको थियो । क्याम्पस प्रशासनका अनुसार प्राप्त सुझावलाई आगामी शैक्षिक योजना, तालिम तथा उद्योगसँगको सहकार्य विस्तारमा उपयोग गरिने बताइएको छ । समग्रमा कार्यक्रमले शिक्षा र रोजगारीबीचको दूरी घटाउँदै विद्यार्थीलाई प्रतिस्पर्धी र व्यवहारिक रूपमा सक्षम बनाउने दिशामा महत्वपूर्ण सन्देश दिएको सहभागीहरूले बताएका छन् ।

## अन्तर्राष्ट्रिय

## इरानद्वारा जोर्डनमा मिसाइल प्रहार

एजेन्सी/ अमेरिकाले इरानमा व्यापक हवाई हमला गरेपछि जवाफमा इरानले मिसाइल प्रहार गरेको छ । इरानले जोर्डनतर्फ २० मिसाइल प्रहार गरेको छ । जोर्डनको सेनाले इरानबाट प्रहार गरिएका २० वटा मिसाइलहरूलाई सफलतापूर्वक आकाशमै नष्ट गरिदिएको दाबी गरेको छ । जोर्डनको सरकार सञ्चालित पेट्रा समाचार एजेन्सीसँग कुरा गर्दै त्यहाँका एक सैन्य अधिकारीले यससम्बन्धी जानकारी दिएका हुन् ।

## ओमान आक्रमणमा तीन भारतीयको मृत्यु

एजेन्सी/ अमेरिकाले प्रहार गरेको व्यापारिक जहाजमा सवार तीन भारतीय नाविकको मृत्यु भएको भारतका जल यातायात मन्त्री सर्वानन्द सोनोवालले पुष्टि गरेका छन् । उक्त घटनाले भारतीय चलक दलको सुरक्षाबारे गम्भीर चिन्ता थपिएको छ ।

मन्त्री सोनोवालका अनुसार पलाउको झण्डा बोकेको एमटी सेटेबेलो नामक जहाजमा भएको आक्रमणपछि बेपत्ता भनिएका तीन भारतीय नाविकलाई पछि मृत अवस्थामा फेला

## खेलकुद

## दमकको इन्स्पायर स्कुलले जित्यो अन्तर माध्यमिक भलिबलको उपाधि

दमक / दमकको इन्स्पायर इङ्लिस स्कुलले विराटनगरमा सम्पन्न अन्तर माध्यमिक जिल्ला स्तरीय भलिबल प्रतियोगिताको उपाधि जितेको छ । जिपी कोइराला स्पोर्ट्स एकेडेमीको आयोजना तथा विराटनगर महानगरपालिकाको सहयोगमा भएको प्रतियोगिताको फाइनलमा सुनसरीको हाम्रो इङ्लिस बोर्डिङ स्कुल इटहरीलाई पराजित गर्दै इन्स्पायरले स्वर्ण पदक जितेको हो । मंगलबार भएको अन्तिम प्रतिस्पर्धामा इन्स्पायरले हाम्रो इङ्लिस स्कुललाई २५-१६, २५-१५ र २५-१२ को सोझो सेटमा स्तब्ध बनायो । निर्धारित पाँच सेटको खेलमा इन्स्पायरले लगातार तीन सेट आफ्नो पक्षमा पार्दै उपाधि रक्षा गरेको हो ।

विजेता टिम तथा खेलाडीहरूलाई नगद, सिल्ड, मेडल र प्रमाणपत्रद्वारा पुरस्कृत गरियो । प्रथम हुने इन्स्पायर इङ्लिस स्कुलले १५ हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गऱ्यो । उक्त पुरस्कार कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेसका जिल्ला कार्यवाहक सभापति भक्तिनाथ माझीले वितरण गरे ।

दोस्रो स्थान हासिल गर्ने हाम्रो इङ्लिस स्कुलले नगद ७ हजार ५ सय र तेस्रो हुने के.यु. एकेडेमीले नगद ५ हजार रूपैयाँ, सिल्ड, मेडलसहित पुरस्कृत भए ।

प्रतियोगितामा इन्स्पायरका सन्वीर श्रेष्ठ 'उत्कृष्ट खेलाडी' घोषित भए । त्यस्तै, इन्स्पायरकै विशाल गौतम 'उत्कृष्ट स्पाइकर' र राजु श्रेष्ठ 'उत्कृष्ट प्रशिक्षक' (कोच) चुनिए । इटहरीको हाम्रो इङ्लिस स्कुलका उसन कार्की 'उत्कृष्ट सर्भर' र राजीव खड्का 'उत्कृष्ट सेटर' घोषित भए । रंगेलीको सनरे स्कुलका साहिल तबदार थारूले 'उत्कृष्ट ब्लकर'को उपाधि जिते ।

# १ सय २१ गुरू किसान सम्मानित

इलाम/ इलामको रोङ गाउँपालिकाले राष्ट्रिय कृषक दिवसको अवसरमा १२१ जना गुरू किसानलाई सम्मान गर्नुका साथै कृषकका लागि तयार गरिएको 'किसान मार्गदर्शन पुस्तक' विमोचन गरेको छ । कृषकलाई आधुनिक, व्यावसायिक तथा वैज्ञानिक कृषि प्रणालीबारे जानकारी उपलब्ध गराउने उद्देश्यले प्रकाशित पुस्तक सार्वजनिक गर्दै गाउँपालिकाले कृषि क्षेत्रको विकासमा योगदान पुऱ्याउने कृषकहरूको सम्मानसमेत गरेको हो ।

गाउँपालिकाले कार्यविधिअनुसार छनोट गरिएका १२१ जना गुरू किसानलाई सम्मान गरेको जनाएको छ । सम्मानित गुरू किसान सोम अर्यालले स्थानीय सरकारको यस पहलले किसानलाई हौसला मिल्नुका साथै कृषि पेशाप्रति सम्मान बढाएको बताए । विमोचित पुस्तकमा कृषि उत्पादन, बाली व्यवस्थापन, पशुपालन, रोग तथा कीरा नियन्त्रण, कृषि प्रविधि, बजार व्यवस्थापनलगायत विषय समेटिएका छन् ।

## अम्फुवा जिरी सहकारी संस्था लिमिटेड
### म्याङ्लुङ्ग नगरपालिका-६, तेह्रथुमको

## ढुवानी सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८३/०२/२९ गते*

राष्ट्रिय कृषि आधुनिकीरकण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाई, तेह्रथुमको आ.व ०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कृषि सहकारी संस्था लि.लाई ५०% अनुदानमा सहकारी संजाल मार्फत कृषि उपजको बजारीकरण सहयोग कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको ढुवानी सवारी साधन खरिद गर्नुपर्ने भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ संसोधन सहितको नियम ३१(ख) को उपनियम २ बमोजिम उत्पादक वा सोको आधिकारीक विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक वा आधिकारीक विक्रेताहरुले फर्म दर्ता प्रमाण पत्र, एजेन्सी दर्ता प्रमाण पत्र, आधिकारीकताको प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, ०८१/०८२ को आयकर चुक्ता प्रमाण पत्रको प्रतिलिपिहरु प्रमाणित गरि स्वघोषणा समावेश गरि स्पेशिफिकेशन अनुसारको सवारी साधनको क्याटलग वा व्रोसर संलग्न राखि यो सूचना प्रकाशित गरिएको मितिले ७ दिन भित्र यस कृषि सहकारी संस्था लि.मा शिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्रस | सवारी साधनको संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| 1 | 4WD Single Cab Pickup, Two Door Right Hand Drive Mode, 2seat, 4 Cylinder, min. 2500 cc, not less than 80 HP at Governed RPM with torque, Payload load not less than 1000 kg, Min 180 NM, Fuel tank min 50 liter. | 1 | |

***नोट :*** *खरिद गरिने सवारी साधनको थप स्पेशिफिकेशन यस कृषि सहकारी संस्था लि.मा सम्पर्क गर्नुपर्ने छ । साथै थप जानकारीको लागि फोन नं.:- ९८४३२७३८४०, शिलवन्दी प्रस्ताव खोल्ने मिति २०८३/०३/४ गते वेलुकी ५:३० बजे ।*

## मालपोत कार्यालय दमक झापाको
## ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सूचना

उप्रान्त जिल्ला झापा दमक नगरपालिका वडा नं. ०९ बस्ने सेर बहादुर निरौलाको नातिनी मान बहादुर निरौलाको छोरी' ना.प्र.नं. ०४-०२-७३-००५१० मिति २०७३।०२।०२ झापाको प्रियस्का निरौलाले निज नाबालक अवस्थामा रहँदा निजको नामथर रेवता निरौलामा दर्ता श्रेस्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको ज.ध. श्रेस्ता पूर्जामा निजको नामथर रेवता निरौला रहेको तर निजको नागरिकता प्रमाणपत्र अनुसार निजको नामथर प्रियस्का निरौला रहेकोले ज.ध. श्रेस्ता पूर्जामा प्रियस्का निरौला कायम गरी आफूलाई साबालक समेत गरी पाऊँ भनी दमक नगरपालिका ९ नं. वडा कार्यालयको च.नं. २५४० मिति २०८३।०२।१९ को सिफारिस पत्र साथ द.नं. २०८६४ मिति २०८३।०२।२० मा निवेदन पेश गरेकोमा हकदावी सम्वन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०८३।०२।२२ मा आदेश भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । निवेदकको माग दावी बमोजिम निज रेवता निरौलाको नाममा दर्ता श्रेस्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको ज.ध. श्रेस्ता पूर्जामा निजको नामथर संशोधन गरी प्रियस्का निरौला कायम गरी निजलाई साबालक समेत कायम गर्दा कोहि कसैको हकहिस्सा वा स्वामित्वमा असर पर्न जाने भएमा यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिन भित्रं आफ्नो सबुत प्रमाण सहित हकदावी गर्न यस कार्यालयमा आउनु होला । अन्यथा कानून बमोजिम भई जाने छ । पछि कुनै प्रकारको उजूर बाजूर लाग्ने छैन ।

**तपशिल**

| जग्गा धनीको नाम थर | गा.वि.स. न.पा. | वडा नं. /सि.नं. | कि.नं. | क्षेत्रफल (व.मी.) | संशोधन माग गर्नेको | कै. |
|---|---|---|---|---|---|---|
| नामथर: रेवता निरौला बाबु: मान बहादुर निरौला बाजे: सेर बहादुर निरौला ज.द.नं. १२९ मिति २०५८।०१।१८ दमक | दमक<br>दमक | १४/१७९००१५२०<br>१४/१७९००१५२० | ६४<br>११५ | ००५३२.४८<br>००२५२.०० | नामथर: प्रियस्का निरौला बाबु: मान बहादुर निरौला बाजे: सेर बहादुर निरौला ना.प्र.नं. ०४-०२-७३-००५१० मिति २०७३।०२।०२ झापा | |

*इति सम्वत् २०८३ साल जेष्ठ २२ गते रोज ६ शुभम् ।*

## दमक नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमक झापाको

## बजेट निर्माण प्रक्रियामा सहभागिता भइदिने सम्बन्धी सूचना

दमक नगर कार्यपालिकाको आर्थिक बर्ष २०८३/०८४ को आयोजना / कार्यक्रम छनौटका लागि देहाय अनुसारको बजेट सिलिङ तथा मार्ग दर्शन सबै वडाहरुमा पठाईएको छ । विकास निर्माण प्रक्रियामा नगरबासीहरु, टोल विकास संस्थाहरु, बालबालिका तथा सरोकारवालालाई सहभागी गराउने तथा अपनत्वको भावना जागृत गर्ने उद्देश्यले टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०८२ मा भएको व्यवस्था बमोजिम नगरपालिकाको बजेट निर्माण प्रक्रियामा सम्पूर्ण टोल विकास संस्थाहरुको सक्रिय रुपमा सहभागी गराउने नगरपालिकाको निर्णय भएको हुँदा टोल भेला तथा वडा भेलामा सहभागी भई आफ्नो अमूल्य सुझाव तथा सल्लाह प्रदान गर्नुहुन अनुरोध गरिन्छ ।

**देहाय**:

क. नगरस्तरीय आयोजना छनौट गर्दा प्रत्येक वडाबाट ३० लाखका दरले कम्तिमा २ वटा योजना छनौट गर्नुपर्नेछ ।

ख. साविकमा ३ वटा वडा गाभिएर हाल १ वटा वडा भएको वडाहरु (वडा नं. २,३,४,१०) का लागि जनसंख्या, सेवा प्रवाह समेतलाई ध्यानमा राखी २५ लाखको कम्तिमा १ वटा योजना थप छनौट गर्नुपर्नेछ ।

ग. नगर स्तरीय योजना (३०, २५ लाख) लाई टुक्रे योजना बनाई, खण्डिकरण पटक पटक गरी एकिकृत रुपमा गर्न/गराउन नपाउने ।

**बडागत बजेट विनियोजन गर्ने क्षेत्रगत आधारहरु**

| | |
|---|---|
| पूर्वाधार | ६५% |
| आर्थिक विकास तथा स्वरोजगार प्रवर्द्धन | १० % |
| सामाजिक विकास, स्वास्थ्य तथा शैक्षिक सुधार | १५ % |
| वातावरण तथा विपद व्यवस्थापन | ५ % |
| मर्मत सुधार | ५ % |

**वडागत बजेट**

| वडा न | पुर्वाधार ६५% | आर्थिक बिकास १० % | मर्मत सभार ५% | वातावरण तथा विपद व्यवस्थापन ५% | सामाजिक विकास स्वास्थ्य तथा शैक्षिक सुधार १५ % | जम्मा बजेट |
|---|---|---|---|---|---|---|
| १ | १०१२६८०९.६९ | १५५७९७०.७२ | ७७८९८५.४ | ७७८९८५.४ | २३३६९५६.१ | १,५५,७९,७०७.२२ |
| २ | ११५३२८२५.२३ | १७७४२८०.८० | ८८७१४०.४ | ८८७१४०.४ | २६६१४२१.२ | १,७७,४२,८०८.०४ |
| ३ | १४३३४६७१.३४ | २२०५३३४.०५ | ११०२६६७ | ११०२६६७ | ३३०८००१.१ | २,२०,५३,३४०.५३ |
| ४ | १११२४७९१.७९ | १७११५०६.४३ | ८५५७५३.२ | ८५५७५३.२ | २५६७२५९.६ | १,७१,१५,०६४.३० |
| ५ | १०००४२५८.६५ | १५३९११६.७२ | ७६९५५८.४ | ७६९५५८.४ | २३०८६७५.१ | १,५३,९१,१६७.१५ |
| ६ | ८१९८३५१.६३ | १२६१२८४.८७ | ६३०६४२.४ | ६३०६४२.४ | १८९१९२७.३ | १,२६,१२,८४८.६६ |
| ७ | ८००१८७४.०४ | १२३१०५७.५५ | ६१५५२८.८ | ६१५५२८.८ | १८४६५८६.३ | १,२३,१०,५७५.४५ |
| ८ | ८७८९०६४.२७ | १३५२१६३.७३ | ६७६०८१.९ | ६७६०८१.९ | २०२८२४५.६ | १,३५,२१,६३७.३४ |
| ९ | ११९३४२८५.८० | १८३६०४३.९७ | ९१८०२२ | ९१८०२२ | २७५४०६६ | १,८३,६०,४३९.६९ |
| १० | ९९५३०६७.५६ | १५३१२४१.१६ | ७६५६२०.६ | ७६५६२०.६ | २२९६८६१.७ | १,५३,१२,४११.६३ |
| जम्मा | १०४०००००.०० | १६००००००.०० | ८०००००० | ८०००००० | २४०००००० | १६,००,००,०००.०० |

**राम थापा**
नगर प्रमुख

## पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं

- धारा खुला छोड्ने बानी त्यागौं,
- वर्षाको पानी संकलन र पुनः प्रयोग प्रणाली अपनाऔं,
- नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं,
- घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं,
- प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं,
- वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं,
- भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं ।
- पानी जीवन हो - यसको संरक्षण हाम्रो कर्तव्य हो ।

**नेपाल सरकार**
विज्ञापन बोर्ड

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोनः ०२३-५७०२७२. **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल